# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०३।२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय, ताप्लेजुङका मालपोत अधिकृत (कार्यालय प्रमुख) लेखा पनेरु महतले जग्गा दर्ता कायम गर्ने सिलसिलामा सेवाग्राहीसँग घुस/रिसवत रु.१,५०,०००।- माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज मालपोत अधिकृत (कार्यालय प्रमुख) लेखा पनेरु महतलाई सेवाग्राहीबाट रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा मिति २०७९।०१।११ गते नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा मालपोत कार्यालय, ताप्लेजुङमा कार्यरत मालपोत अधिकृत लेखा पनेरु महतले जग्गा दाखिल खारेज गर्ने प्रयोजनको लागि घुस/रिसवत माग गरी सेवाग्राहीबाट रु.१,५०,०००।- घुस/रिसवत लिएको पुष्टि हुन आएकोले निज मालपोत अधिकृत लेखा पनेरु महतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको हुँदा निजलाई बिगो रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
श्याम प्रसाद भण्डारी